# प्रतापपुर गाउँकार्यपालिकाको कार्यालय

## प्रतापपुर-९,नवलपरासी (ब.सु.प.)

# दरबन्दी मिलान कार्यविधि-२०७६

# प्रतापपुर गाउँ कार्यपालिकाको कार्यालय,प्रतापपुर,नवलपरासी
# दरबन्दी मिलान कार्यविधि-२०७६

**प्रस्तावना :**

सबै वर्ग र समुदायका व्यक्तिहरुको सुविधालाई ध्यानमा राखी शिक्षालाई सर्वसुलभ,व्यवस्थित,मर्यादित एवं स्थानीय स्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले यस गाउँपालिका भित्रका मा.वि.(९-१०) ,आधारभूत (६-८) आधारभूत (१-५) तह र वालविकास कक्षा संचालित विद्यालयहरुको पठन पाठनलाई व्यवस्थित तरिकाले संचालन गर्न दरबन्दी मिलान गर्नु पर्ने आश्यक देखिएकोले दरबन्दी मिलान कार्यविधि-२०७६ जारी गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम दरबन्दी मिलान कार्यविधि २०७६ रहने छ ।

ख. दरबन्दी मिलान कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. "कार्यविधि" भन्नाले दरबन्दी मिलान कार्यविधि २०७६ सम्झनुपर्छ ।

ख. "मा.वि." भन्नाले ९-१०/९-१२ संचालन भएको विद्यालयहरु सम्झनुपर्छ ।

ग. "आधार भूत (नि.मा.वि.)" भन्नाले ६-८ र प्रा.वि.(१-५) सम्म संचालन भएको विद्यालयहरु सम्झनुपर्छ ।

घ. "वालविकास " भन्नाले सम्बन्धित निकायबाट अनुमति र कोटा प्राप्त गरी ३-४ वर्ष उमेर समूहका विद्यार्थीहरुको कक्षा संचालन भएको विद्यालयहरु सम्झनुपर्छ ।

ङ. "व्यस्थापन समिति" भन्नाले विद्यालयको विकासको लागि नियमानुसार गठन भएको वि.व्य.स.(SMC)लाई सम्झनुपर्छ ।

च "शि.अ.संघ" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघ(PTA)लाई सम्झनुपर्छ ।

छ. "सामाजिक परीक्षण समिति" भन्नाले विद्यालयको सम्पूर्ण पक्षको आन्तरिक परीक्षण गर्न नियमानुसार गठन भएको सा.प.स.(SAC)लाई सम्झनुपर्छ ।

ज. "प्र.अ." भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ ।

झ."शिक्षक" भन्नाले विद्यालयमा प्रा.वि.तह देखि मा.वि. तह सम्म अध्यापन गर्ने व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले प्र.अ. समेतलाई जनाउँछ ।

ञ. "गा.पा." भन्नाले प्रतापपुर गाउँपालिकालाई सम्झनुपर्छ ।

ट. "स.का." भन्नाले वालविकासकोटामा कार्यरत सहयोगी कार्यकर्तालाई सम्झनुपर्छ ।

ठ. "कर्मचारी" भन्नाले विद्यालयलाई शिक्षा विकास तथा समन्वय इकाई(जि.शि.का.) न.प.बाट प्राप्त दरबन्दी र अनुदान तथा विद्यालयले आफ्नो आवश्यकता अनुसार दरबन्दी सिर्जना गरी कार्यरत लेखापाल, कार्यालय सहायक,कार्यालय सहयोगी, लाइब्रेरियन,चौकीदार र स्वीपर (शौचालय सफाइकर्मी)लाई सम्झनुपर्छ ।

ड. "अभिभावक" भन्नाले विद्यालयमा आफ्ना विद्यार्थी भर्ना गराइ नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावलीनुसार पालनपोषण गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

ढ. "सम्बन्धित निकाय" भन्नाले गाउँपालिका,शिक्षा विकास तथा समन्वय इकाई,शिक्षा विकास निर्देशनालय , शिक्षा तथा मानव स्रोत विकास केन्द्र र मन्त्रालयलाई प्रसंग अनुसार सम्झनुपर्छ ।

ण. अन्य शब्द,नामावली र पदको अर्थ प्रचलित ऐन,कानुन र नियमानुसार रहेको सम्झनुपर्छ ।

३. **उद्देश्य :** प्रतापपुर गाउँपालिका भित्रका मा.वि.(९-१०) ,आधारभूत (६-८) आधारभूत (१-५) तह र वालविकास कक्षा संचालित विद्यालयहरुको पठन पाठनलाई व्यवस्थित तरीकाले संचालन गर्न स्थानीय तहलाई अधिकार प्राप्त भएकोले गाउँपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा रहेको विद्यमान दरबन्दीलाई विद्यार्थी संख्याको अनुपातमा र विद्यालय संचालित तहनुसार दरबन्दी मिलान गर्दा केही हद सम्म समस्या समाधान हुने देखिएकोले दरबन्दी मिलान कार्यविधि-२०७६ निर्माण गरिएको छ ।

## परिच्छेद-२

## ४.दरबन्दी मिलान गर्दा अवलम्बन गर्ने आधारहरु :

१.शैक्षिक सत्र २०७६ को Flash I लाई मुख्य आधार वनाउने ।

२.विद्यालयमा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी /अस्थायी ,सट्टा शिक्षक ,राहत,शिक्षण सिकाइ सहयोग अनुदान कोटा र गा.पा.शिक्षक अनुदानकोटामा समेत कार्यरत तहगत शिक्षकको संख्यालाई आधार लिने ।

३.दरवन्दी मिलानका क्रममा वढी हुन आई कटौती गर्नुपर्ने दरवन्दीलाई गाउँ शिक्षा समितिको पुल दरवन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउँदा सबै भन्दा वढी विद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिई शिक्षक खटाउने ।

४.यसरी शिक्षक खटन पटन गर्दा भरसक उपल्लो शैक्षिक योग्यता भएका शिक्षकलाई माथिल्लो तहमा शिक्षक कमी भएका विद्यालयहरुमा खटन पटनको व्यवस्था मिलाउने ।

५.सम्वन्धित तहको दरवन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा तल्लो तहको उपल्लो शैक्षिक योग्यता भएको शिक्षकवाट कक्षा सञ्चालन व्यवस्था मिलाई शिक्षक अभावलाई सम्वोधन गर्दै जाने ।

६. यसरी शिक्षक व्यवस्थापन गर्दा सकेसम्म विषयगत समस्या न्यून हुने गरी मिलान गर्ने ।

७. दरवन्दी मिलानका क्रममा विद्यार्थी संख्या कम र शिक्षक संख्या वढी भै कटौतीमा परेका र यस अघि रिक्त भएका एवं रिक्त हुन आउने कुनै पनि तहको दरवन्दीमा पद पूर्ति एवं सरुवा गरी ल्याउने कार्य नगर्ने ,उक्त

राजकुमार शर्मा
अध्यक्ष

दरवन्दीलाई गाउँ शिक्षा समितिको पुल दरवन्दीमा राखी दरवन्दी मिलान पश्चात थप गर्नु पर्ने विद्यालयमा मिलान तथा समायोजन गर्ने ।

८.दरवन्दी मिलान गर्दा मथिल्लो तहको लागि न्यूनतम दरवन्दी आधारभूत तह (कक्षा ६-८) संचालन विद्यालयमा ४ जना विषयगत शिक्षकहरु नरहेको खण्डमा प्रा.वि.तहमा २ वटा दरवन्दी बढी भएको खण्डमा यथावत राख्ने ।

९.दरवन्दी मिलान गर्दा विद्यालयमा अधारभूत तह (कक्षा ६-८) र मा.वि.(कक्षा ९-१०) संचालन भएकोमा क्रमश: न्यूनतम ४ र ५ जना विषयगत शिक्षकहरु नरहेकोमा हाल मा.वि.र आधारभूत (६-८)मा दरबन्दी थप गर्ने अवस्था नरहेकाले प्रा.वि.र आधारभूत तह गरी ३ वटा दरवन्दी बढी भएको खण्डमा यथावत राख्ने ।

१०.दरवन्दी मिलान गर्दा विद्यालयमा आधारभूत तह (कक्षा ६-८) र मा.वि.(कक्षा ९-१०) संचालन भएको खण्डमा क्रमश: ५० र ४५ विद्यार्थीहरुको अनुपात दरबन्दी कायम गर्दा आधारभूत तहमा कटौती गर्नु पर्ने र मा.वि.तहमा थप गर्नु पर्ने वा मा.वि.तहको कटौती गर्नु पर्ने र आधारभूत तहमा थप गर्नु पर्ने समान संख्या भएको खण्डमा दुबै तहको दरबन्दी गणना गरी यथावत राख्ने संख्या बढी भएको अवस्थामा बढी भएको दरबन्दी नियमानुसार कटौती गर्नु पर्ने ।

११. दरबन्दी मिलान गर्दा विद्यालयमा अधारभूत तह (कक्षा ६-८) र मा.वि.(कक्षा ९-१०) संचालन भएको खण्डमा न्यूनतम दरबन्दी ४ र ५ वटा हुनु पर्नेमा नभएको अवस्थामा दुबै तहमा ४ वटा सम्म दरबन्दी थप गर्नुपर्ने भएमा दरबन्दीको अभावका कारणले गर्दा ती दुबै तहको दरबन्दी उपलब्ध गराउन नसकेको खण्डमा प्रा.वि.तहको पुल दरबन्दीबाट सम्बोधन गर्दै जाने ।

१२.दरवन्दी मिलान कार्य भनेको शैक्षिक जनशक्तिको संख्यात्मक र विषयगत मिलान समेत भएकाले शिक्षा ऐन तथा शिक्षा नियमावली २०५९(सशोधन सहित)को अनुसूचिमा उल्लेखित तहगत र विषयगत दरवन्दी मिलानमा प्रभाव पर्ने गरी विषय परिवर्तन नगर्ने ।

१३.कुनै विद्यालयमा शिक्षा ऐन तथा शिक्षा नियमावली २०५९(सशोधन सहित)को अनुसुचिमा उल्लेखित तहगत र विषयगत दरवन्दीमा एउटै विषयका शिक्षक बढी हुन गएको भए रिक्त हुन आउदा विषयगत मिलान हुने गरी पदपूर्ति गर्ने ।

१४. दरवन्दी मिलान पश्चात कुनै पनि विद्यालयको दरवन्दी कट्टा गर्नु पर्ने भएमा तपसिल अनुसार गर्ने ।

- सम्बन्धित विद्यालयमा खाली रहेको दरबन्दी ।
- सम्बन्धित विद्यालयको शिक्षकको सहमती अनुसार (कुनै किसिमको शिक्षक)
- विद्यालयको आवश्यकताको आधारमा वि.व्य.स.ले निर्णय गरी पठाएको शिक्षक ।
- माथिको आधारमा नभए कनिष्ट क्रमश: गा.पा.अनुदान शिक्षक,करार,राहत,अस्थायी र स्थायी ।

१५. दरवन्दी मिलान पश्चात कुनै पनि विद्यालयमा दरवन्दी थप गर्नु पर्ने भएमा तपसिल अनुसार गर्ने ।

- सबै भन्दा बढी विद्यार्थी संख्या रहेको विद्यालय ।
- माथिल्लो तह संचालित रहेको विद्यालय ।
- अंग्रेजी माध्यमबाट संचालित रहेको विद्यालय ।
- प्रा.वि.तहको हकमा दरबन्दी कटौती थोरै हुने तर थप गर्नु पर्ने संख्या बढी भएको अवस्थामा प्राथमिकताको आधारमा विद्यालयको छनौट गरिनेछ ।
- नि.मा.वि.र मा.वि.तहमा दरबन्दी कटौती नहुने तर थप गर्नु पर्ने अवस्थामा दरबन्दी प्राप्त पश्चात नियमानुसार दरबन्दी थप गरिनेछ ।

राजकुमार शर्मा
अध्यक्ष

१६. दरवन्दी कायम गर्ने अन्य आधारहरु

**क) कक्षा १-३ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा ।**

१. कक्षा १-३ मा विद्यार्थी संख्या २० जना भए १ ओटा दरवन्दी कायम गर्ने ।

२. विद्यार्थी संख्या २१ देखि ५५ जना सम्म भएमा २ दरवन्दी कायम गर्ने ।

३. विद्यार्थी ५६ जना वा सो भन्दा वढी भएमा र हाल ३ दरवन्दी भएमा यथावत ३ दरवन्दी कायम गर्ने तर दरवन्दी थप गर्नु पर्ने भएमा विद्यार्थी संख्या १०० जना नपुगे सम्म दरवन्दी थप नगर्ने ।

४. विद्यार्थी संख्या १०० भन्दा माथि भए शिक्षक विद्यार्थी अनुपात १:३५ कायम गर्ने ।

५. कक्षा १-३ मा २० भन्दा कम विद्यार्थी संख्या भएमा नजिकको विद्यालयमा एकिकरण समायोजन गर्ने ।

६. भौगोलिक अवस्था र दुरीको आधारमा स्थलगत अनुगमन गरी एकिकरण हुने विद्यालयमा प्रारम्भिक वालविकास सञ्चालन गर्नुपर्ने आवश्यकता र न्युनतम १० विद्यार्थी भएको अवस्था देखिएमा सो कक्षा सञ्चालनको व्यवस्था मिलाउने ।

**ख) कक्षा १-५ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा ।**

१.विद्यार्थी संख्या ३० जना सम्म भएको विद्यालयमा न्यूनतम २ दरवन्दी कायम गर्ने ।

२. विद्यार्थी संख्या ३१ देखि ७० सम्म भएको विद्यालयमा ३ दरवन्दी कायम गर्ने ।

३. विद्यार्थी संख्या ७० देखि १२५ सम्म भएको विद्यालयमा ४ दरवन्दी रहेको भए ४ दरवन्दी कायम गर्ने ।

४. विद्यार्थी संख्या १२६ देखि १७५ सम्म भएको विद्यालयमा ५ दरवन्दी रहेको भए ५ दरवन्दी कायम गर्ने ।

५. विद्यार्थी संख्या २०० नपुगे सम्म दरवन्दी थप नगर्ने र सो भन्दा वढी भएमा ३५ विद्यार्थी वरावर १ शिक्षक अनुपातका आधारमा दरवन्दी कायम गर्ने ।

६.कक्षा १-५ मा ३० भन्दा कम विद्यार्थी भएमा माथिल्लो कक्षा घटाई नजिकको विद्यालयमा एकीकरण समायोजन गर्ने ।

७.भौगोलिक र दुरीको आधारमा स्थलगत अनुगमन गरी एकीकरण हुने विद्यालयमा प्रारम्भिक वालविकास सञ्चालन गर्नुपर्ने आवश्यकता र न्युनतम १० विद्यार्थी भएको अवस्था देखिएमा सो कक्षा सञ्चालनको व्यवस्था मिलाउने ।

**ग. कक्षा १-८ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा ।**

१. न्युनतम प्राथमिक तह-३ , आधारभूत (६-८) तह-४ गरी जम्मा ७ शिक्षक दरबन्दी कायम गर्ने ।

२.कक्षा ६-८ मा ३० देखि ७० विद्यार्थी सम्म भएमा ३ दरवन्दी (अंग्रेजी,गणित/विज्ञान,नेपाली)कायम गर्ने ।

३.कक्षा ६-८ मा ७१ देखि १२० विद्यार्थी सम्म भएमा ४ दरवन्दी (अंग्रेजी,गणित/विज्ञान,नेपाली,सामाजिक) कायम गर्ने ।

४.विद्यार्थी संख्या (६-८) १२० भन्दा माथि भएमा ५० जना विद्यार्थी वरावर १ शिक्षकको अनुपातमा दरवन्दी थप कायम गर्ने ।

५.विद्यालयको आधारभूत तह (६-८) मा न्युनतम/विद्यार्थी संख्याको आधारमा दरवन्दी नभएको खण्डमा प्रा.वि.( १-५) मा बढी रहेको दरवन्दीलाई समेत गणना गरिनेछ ।

६. कक्षा ६-८ मा ३० जना भन्दा कम विद्यार्थी भएमा तह घटाई समायोजन गर्ने ।

७. आधारभूत तहमा कक्षा ६-८ (तीन वटै)कक्षा संचालन भए मात्र आधरभूत तहको रुपमा गणना गरिनेछ ।

**घ) कक्षा १-१० सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा ।**

१. शिक्षा नियमावली २०५९(संशोधन सहित) को अनुसूचीमा उल्लेखित न्यूनतम प्रा.वि.३, नि.मा.४ र मा.वि.५ ( अंग्रेजी,गणित,विज्ञान,नेपाली,सामाजिक १/१) दरवन्दी कायम गर्ने ।

२. तहगत रुपमा दरवन्दी थप घट गर्नु पर्दा माथि उल्लेखित आधार अनुसार गर्ने ।



राजकुमार शर्मा
अध्यक्ष

३. माध्यमिक तहको अनुमति लिएको ३ शैक्षिक सत्र पुरा नभएको विद्यालयमा दरवन्दी कायम नगर्ने ।

४. वि.सं.२०० भन्दा बढी भएको खण्डमा ४५ जना विद्यार्थी बराबर १ शिक्षकको अनुपातमा दरवन्दी कायम गर्ने ।

५.विद्यालयको मा.वि.तहमा न्युनतम/विद्यार्थी संख्याको आधारमा दरवन्दी नभएको खण्डमा प्रा.वि.र आधारभूत तहमा बढी रहेको दरवन्दी समेत गणना गरिनेछ ।

ङ) **मा.वि.तहको कक्षा ११-१२ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा ।**

१.माध्यमिक तह (कक्षा ११-१२) का लागि शिक्षक दरवन्दी मिलान तथा समायोजन अब प्राप्त हुने दरवन्दी र निर्देशिकाको आधारमा गर्ने ।

च) **प्रारम्भिक वालविकास कोटा सम्वन्धमा ।**

१.प्रारम्भिक वालविकास कक्षा नभएको विद्यालयलाई न्यूनतम १ कोटा प्रदान गर्ने ।

२.प्रारम्भिक वालविकासको कोटा कायम गर्दा २० विद्यार्थी वरावर १ कोटा गर्ने र ३० भन्दा वढी विद्यार्थी भएको अवस्थामा विद्यालयमा २ कोटा रहेको भए २ कोटा नै कायम गर्ने ।

३. कुनै विद्यालयले निजी स्रोतमा सशुल्क नर्सरी ,एल के.जी ,यू के जी अंग्रेजी माध्यममा सञ्चालन गरेको छ भने थप कोटा प्रदान नगर्ने तर उक्त कक्षाका विद्यार्थी संख्या वालविकासमा गणना गरिनेछ ।

४. २ वा सो भन्दा वढी प्रारम्भिक वालविकास कोटा प्राप्त गरि उपयुक्त व्यवस्थापन सहित कक्षा सञ्चालन नगर्ने विद्यालयहरुको प्रथम चरणमा १ वटा कोटा कटौती गरी अन्य आवश्यक विद्यालयमा प्रदान गर्ने ।

५. यसरी प्रारम्भिक वालविकास कोटा मिलान गर्दा वालविकास सहजकर्तालाई सके सम्म नजिकको विद्यालयमा पठाउने गरी कोटा मिलान गर्ने ।

## परिच्छेद-३

## दरबन्दी मिलानको प्रकृया

**५.दरबन्दी मिलान कार्य गर्नको लागि निम्नानुसारको प्रकृया अवलम्बन गर्नु पर्छ ।**

क. गाउँ शिक्षा समितिले आवश्यकतानुसार शिक्षा शाखा प्रमुखको संयोजकत्वमा आधारभूत तह (१-५,६-८),मा.वि. तह र गाउँ शिक्षा समिति समेतको प्रतिनिधित्व हुने गरी एउटा कार्यदल बनाउनु पर्छ ।

ख. कार्यदलले सबै क्षेत्रको अध्ययन गरी उपलब्ध दरबन्दीको आधारमा दरबन्दी कायम ,कटौती र थप हुने विद्यालयहरुको विवरण सहित गाउँ शिक्षा समितिलाई सिफारिस गर्नु पर्नेछ ।

ग. कार्यदलको सिफारिसलाई गाउँ शिक्षा समितिबाट निर्णय पश्चात गा.पा.शिक्षा शाखाले दरबन्दी मिलानको प्रकृया अगाडि बढाउनु पर्नेछ ।

घ. गा.पा.शिक्षा शाखाले दरबन्दी कटौती भएको विद्यालयलाई १ (एक) हप्ताको समय भित्र दरबन्दी कटौती भएको तह अनुसारको शिक्षकको नामवली परिच्छेद २ को नियम १४ मा भएको व्यवस्था बमोजिम माँग तथा कार्यान्वयन गर्नु पर्नेछ ।

ङ . गा.पा.शिक्षा शाखाले विशेष परिस्थिति बाहेक बढीमा १ (एक) महिना भित्र दरबन्दी मिलानको कार्य सम्पन्न गरी आवश्यकतानुसार सम्बन्धित निकायलाई जानकारी दिनु पर्छ ।



राजकुमार शर्मा
अध्यक्ष

च. दरबन्दी कटौती भएका विद्यालयहरुले गा.पा.शिक्षा शाखाबाट दरबन्दी मिलानको क्रममा सरुवा गरिएका शिक्षकलाई कुनै पनि बहानामा सम्बन्धित विद्यालयमा नपठाएको खण्डमा त्यस्ता शिक्षकहरुको तलब भत्ता रोक्का गरिनेछ ।

## परिच्छेद-४

## दरबन्दी / शिक्षक सहयोग अनुदान थप सम्बन्धमा

**६. दरबन्दी थप प्राप्त भएमा तपसिल अनुसार कार्यान्वयन गरिनेछ :**

क. गा.पा.शिक्षा शाखाले आवश्यकताको आधारमा सम्बन्धित निकायसंग दरबन्दीको माँग गर्नेछ ।

ख. संघिय सरकार तथा प्रादेशिक सरकारबाट दरबन्दी प्राप्त भएको खण्डा जुन तह र किसिमको दरबन्दी प्राप्त भए सोको लागि गा.पा.शिक्षा शाखाले प्राथमिकताको आधारमा विद्यालयको छनौट गर्नेछ ।

**७. गाउँपालिककाबाट शिक्षक सहयोग अनुदानकोटा थप सम्बन्धमा :**

क. गा.पा.शिक्षा शाखाले आवश्यकताको आधारमा शिक्षक संख्याको कमीलाई सम्बोधन गर्नको लागि गाउँपालिकासंग शिक्षक सहयोग अनुदानकोटा माँग गर्नेछ ।

ख. गाउँपालिकाले शिक्षक सहयोग अनुदानकोटाको लागि बजेटको व्यवस्था गर्न सक्नेछ । बजेटको व्यवस्था पश्चात गा.पा.शिक्षा शाखाले आवश्यकता र प्राथमिकताको आधारमा विद्यालयको छनौट गरी नियुक्ति गर्ने प्रकृया अगाडि बढाउनेछ ।

## परिच्छेद-५

## विविध

**८. विविध :**

क. यस दरबन्दी मिलान कार्यविधि २०७६ मा समयानुसार थपघट गर्ने अधिकार गा.पा.मा रहनेछ ।

ख. गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई आवश्यकतानुसार गाउँपालिकाले निरन्तरता दिन सक्नेछ ।

**ग. यस कार्यविधिमा उल्लेख नभएको कुराहरुको हकमा आवश्यक परेको खण्डमा शिक्षा ऐन २०२८ , शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार हुनेछ ।**

प्रमाणित गर्ने : *दरबन्दी मिलान कार्यविधि २०७६ लाई मिति २०७६/०६/१० गते प्रतापपुर गाउँकार्यपालिकका बाट स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।*

हस्ताक्षर :
नाम : श्री राजकुमार शर्मा
पद : अध्यक्ष
प्रतापपुर गाउँपालिका